नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

सिन्धुपाल्चोक

☎ : ०११-६२०१०६
☎ : ०११-६२०१३३
फ्याक्स : ०११-६२००८४

पत्र संख्या : प्र.०७५/७६
चलानी नं. १४५४

चौतारा
मिति : २०७५/०९/१०

विषय :- अनुदान रकम फिर्ता गर्ने सम्बन्धमा ।

श्री जिल्लास्थित सम्पूर्ण स्थानीय तहहरू,
सिन्धुपाल्चोक ।

प्रस्तुत विषयमा गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको च.नं.१३५५, मिति २०७५।०९।०७ को पत्रमार्फत भूकम्पबाट क्षतिग्रस्त भएको घर बाहेक सोही स्थान वा अन्यत्र बसोबास योग्य अर्को घर भएको अवस्थामा वा दुई स्थानमा घर प्रबलीकरण/पुनर्निर्माण गर्नुपर्ने अवस्थामा कुनै भूकम्पपीडित निजी आवास लाभग्राहीले "भूकम्पबाट निजी आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधि, २०७३" विपरित व्यहोरा ढाँटी अनुदान रकम बुझिलिएको भएमा त्यसरी बुझी लिएको निजी आवास पुनर्निर्माणको अनुदान रकम फिर्ता गर्न ३ महिनाको समयसीमा सहितको सार्वजनिक सूचनाद्धारा आह्वान गर्ने र उल्लिखित सार्वजनिक सूचनाद्धारा निर्धारण गरिएको समयसीमाभित्र अनुदानको रकम फिर्ता नगर्ने भूकम्पपीडितबाट निजहरुले लिएको अनुदान रकम सरकारी बाँकी सरह असुलउपर गराउने सम्मानननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा मिति २०७५।०५।२१ गतेको निर्देशक समितिबाट निर्णय भएको हुँदा सोही अनुसार अनुदान रकम फिर्ता गर्ने/गराउने कार्यमा सहयोगका लागि राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट मन्त्रालयमा अनुरोध भई आएको हुँदा उल्लेख भएबमोजिम त्यसरी दोहोरो सुविधा लिनुहुने लाभग्राहीहरुबाट रकम फिर्ता गराउनुहुन आदेशानुसार अनुरोध गर्दछु ।

(यादवनाथ आचार्य)
प्रशासकीय अधिकृत

बोधार्थ :
श्री राष्ट्रिय पुनर्निर्माण प्राधिकरण,
सिंहदरबार, काठमाडौं ।
श्री जिल्ला प्रहरी कार्यालय, सिन्धुपाल्चोक:- सो सम्बन्धमा सम्बन्धित पालिकाबाट अनुरोध भई आएका बखत दोहोरो सुविधाको रकम फिर्ता गराउने कार्यमा सहयोग गर्नुहुन ।
अवगतार्थ :
श्री गृह मन्त्रालय,
शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा:- तहाँको च.नं. १३५५, मिति २०७५।०९।०७ को पत्रको सम्बन्धमा ।